# मर्स्याङ्दी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

# मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३

पारित मितिः २०८३/०३/२०

# मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३

**प्रस्तावनाः**

मर्स्याङ्दी गाउँपालिकाभित्र स्थायी रूपमा बसोबास गर्ने घरपरिवारलाई आधारभूत विद्युत् सेवामा पहुँच सुनिश्चित गरी नागरिकको जीवनस्तर उकास्न, ऊर्जा पहुँच विस्तार गर्न, गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउन, स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न तथा गाउँपालिकाभित्रका योग्य उपभोक्तालाई मासिक ५० (पचास) युनिटसम्म निःशुल्क विद्युत् सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको अनुसूची—८ र अनुसूची—९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाबाट "मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" पारित गरी लागू गरिएको छ।

## परिच्छेद १
## संक्षिप्त नाम, प्रारम्भ र उद्देश्य

१. संक्षिप्त नाम र प्रारम्भ

१. यस ऐनको नाम "मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत् सुविधा सम्बन्धी ऐन, २०८३" रहेको छ।

२. यो ऐन गाउँ सभाबाट पारित भई मर्स्याङ्दी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा र व्याख्या

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "गाउँपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिकालाई सम्झनु पर्दछ।

ख. "कार्यपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. "अध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ. "उपाध्यक्ष" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ङ. "गाउँपालिकाको कार्यालय" भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन भएको मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

च. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत् सुविधा सम्बन्धी ऐन, २०८३ सम्झनु पर्दछ ।

छ. "निःशुल्क विद्युत सुविधा" भन्नाले यस ऐन बमोजिम योग्य लाभग्राहीहरुको मासिक ५० युनिटसम्मको विद्युत उपभोग वापतको महसुल गाउँपालिकाले व्यहोर्ने व्यवस्था सम्झनु पर्दछ।

ज. “कोष” भन्नाले यस ऐनको दफा १७ बमोजिम स्थापना भएको “मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा कोष” सम्झनु पर्दछ।

झ. “आर्थिक वर्ष” भन्नाले श्रावण १ गतेबाट सुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ञ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मर्स्याङ्दी गाउँपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ट. “आर्थिक प्रशासन शाखा प्रमुख” भन्नाले मर्सयाङ्दी गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख सम्झनु पर्दछ।

ठ. "उपभोक्ता" भन्नाले गाउँपालिकाभित्र स्थायी बसोबास गरी नेपाल विद्युत् प्राधिकरणबाट विद्युत सेवा लिएको घरधुरी सम्झनु पर्दछ।

ड. “ग्राहस्थवर्ग” भन्नाले “नेपाल विद्युत प्राधिकरण विद्युत महसुल संकलन विनियमावली, २०७८” को दफा ३ को उपदफा १ बमोजिम ग्राहस्थवर्ग वर्गीकरणमा पर्ने उपभोक्ता सम्झनु पर्दछ।

ढ. "लाभग्राही" भन्नाले यस ऐनबमोजिम निःशुल्क विद्युत सुविधा प्राप्त गर्न स्वीकृत उपभोक्ता सम्झनु पर्दछ।

ण. “परिवार” भन्नाले एउटै घरधुरीमा बसोबास गर्ने सदस्यहरुको समुहलाई सम्झनु पर्दछ।

त. "नेपाल विद्युत् प्राधिकरण" भन्नाले नेपाल सरकारको स्वामित्वमा प्रचलित कानून बमोजिम स्थापना भएको विद्युत सेवा प्रदायक निकायलाई सम्झनु पर्दछ।

थ. "विद्युत् महसुल" भन्नाले विद्युत खपत वापत ग्राहकले बुझाउनुपर्ने नेपाल विद्युत प्राधिकरणले निर्धारण गरेको रकमलाई सम्झनु पर्दछ।

द. “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम सम्झनु पर्दछ।

३. उद्देश्य

यस ऐनको उद्देश्य देहायबमोजिम हुनेछः

क. गाउँपालिकाभित्रका नागरिकलाई आधारभूत विद्युत सेवामा सहज पहुँच सुनिश्चित गर्नु।

ख. न्यून आय भएका तथा विपन्न परिवारको आर्थिक भार कम गर्नु।

ग. विद्यार्थीको अध्ययन तथा सिकाई वातावरणमा सुधार ल्याउनु।

घ. परम्परागत ईन्धनको सट्टा स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्नु।

ङ. विद्युत् चोरी नियन्त्रणका साथै नियमित, पारदर्शी र जवाफदेही बिल भुक्तानी संस्कृतिको विकास गर्नु।

च. गाउँपालिकामा विद्युत् सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।

छ. उर्जा क्षेत्र मार्फत गरिबी न्यूनीकरण, सामाजिक न्याय, समावेशीकरण तथा दिगो विकासमा टेवा पुर्याउनु।

## परिच्छेद २

## निःशुल्क विद्युत सुविधा सञ्चालन तथा व्यवस्थापन

४. निःशुल्क विद्युत सुविधा

१. गाउँपालिकाले स्वीकृत लाभग्राहीहरुको मासिक अधिकतम ५० (पचास) युनिट सम्मको विद्युत खपत बराबरको महसुल व्यहोर्नेछ।

२. मासिक ५० युनिट भन्दा बढी विद्युत खपत भएमा अतिरिक्त खपत वापतको सम्पूर्ण महसुल सम्बन्धित उपभोक्ता स्वयंले भुक्तानी गर्नुपर्नेछ।

३. मिटर जडान शुल्क, बक्यौता, जरिवाना, अवैध उपयोगसम्बन्धी दण्ड वा प्रचलित कानून बमोजिम उपभोक्ताले तिर्नुपर्ने अन्य शुल्कहरू उपभोक्ताले नै व्यहोर्नु पर्नेछ।

४. एउटा घरधुरीका लागि एउटा विद्युत मिटरमा मात्र सुविधा लागू हुनेछ। अंशवण्डा नभएतापनि छुट्टाछुट्टै रुपमा वसोवास गर्ने परिवारलाई समेत यो सुविधा प्रदान गरिनेछ।

५. दीर्घकालीन दायित्व सिर्जना हुने गरी सुविधा विस्तार गर्नुअघि लाभ-लागत विश्लेषण र वित्तीय धारण क्षमता (fiscal capacity) मूल्याङ्कन गर्नु पर्नेछ।

५. सुविधाको कार्यक्षेत्र

१. यस ऐन बमोजिमको सुविधा मर्स्याङ्दी गाउँपालिकाभित्र रहेका "नेपाल विद्युत प्राधिकरण विद्युत महसुल संकलन विनियमावली, २०७८" को दफा ३ को उपदफा १ बमोजिम ग्राहस्थवर्ग वर्गीकरणमा पर्ने उपभोक्तामा मात्र लागू हुनेछ।

२. उपदफा १ बमोजिमको वर्गभित्र देहाय बमोजिमका उपभोक्ताहरु पर्नेछन:

क. आवासीय उद्देश्यका लागि विद्युत आपूर्ति लिने देहायका व्यक्तिगत र थोक उपभोक्ताहरुः-

१. तल्लो भोल्टेजमा जडान भएका सिंगल फेज सप्लाई ५ एम्पियरदेखि ६० एम्पियर क्षमता सम्मका विद्युत शक्ति उपभोग गर्ने उपभोक्ताहरु।

२. थ्री फेज तल्लो भोल्टेजमा सप्लाई भएका उपभोक्ताहरु।

३. थ्री फेज मझौला भोल्टेजमा सप्लाई भएका उपभोक्ताहरु।

ख. सिंगल फेज ३० एम्पियरसम्म जडित क्षमता भएका साना पसल, व्यवसाय, धार्मिक वा सामाजिक संघ संस्था, हेल्थ क्लिनिक, शिक्षण संस्था, कुखुरापालन, होटल, लज, रेष्टुरेन्ट व्यवसाय।

६. लाभग्राही हुने आधार

देहायका व्यक्ति, परिवार वा घरधुरी यस ऐनबमोजिम लाभग्राही हुन सक्नेछनः

क. मर्स्याङ्दी गाउँपालिकाभित्र स्थायी बासोबास गर्ने नेपाली नागरिक।

ख. ग्राहस्थवर्ग उपभोक्ताको वर्गीकरणमा पर्ने र आफ्नो घरमा आफ्नै नाममा वा परिवारको घरमुलीको नाममा विद्युत जडान रहेको व्यक्ति।

ग. वडा कार्यालयबाट स्थानीय बसोबास प्रमाणित भएको व्यक्ति।

घ. गाउँपालिकाको अभिलेखमा सूचीकृत भएको।

ङ. एक परिवार एक मिटरको सिद्धान्त पालना गरेको।
च. गाउँपालिकाको आर्थिक ऐन बमोजिम तिर्नुपर्ने व्यवसाय कर तथा अन्य कर तिरेको।
छ. यस ऐनले तोकेको अन्य शर्त पूरा गरेको व्यक्ति।

७. लाभ नपाउने अवस्था

देहायका उपभोक्तालाई यस ऐन बमोजिम निःशुल्क विद्युत सुविधा उपलब्ध गराइने छैनः

क. ग्राहस्थवर्ग उपभोक्ताको वर्गीकरण बाहेक अन्य वर्गीकरणमा पर्ने उपभोक्ता।
ख. एउटै परिवारका एकभन्दा बढी घरेलु मिटरमध्ये एक बाहेक अन्य उपभोक्ता।
ग. झुट्टा विवरण, नक्कली कागजात वा गलत जानकारी दिएको ठहरिएको उपभोक्ता।
घ. गाउँपालिकाले तोकेको मापदण्ड विपरीत दोहोरो लाभ लिने प्रयास गरेको/लिएको व्यक्ति।
ङ. विद्युत चोरी, मिटर हेरफेर, अवैध जडान वा दुरुपयोगमा संलग्न उपभोक्ता (प्रचलित कानून बमोजिम सुधार र दायित्व पूरा नभएसम्म)।
च. गाउँपालिकाको कानूनी व्यवस्था तथा निर्णय बमोजिम गाउँपालिकाबाट प्रदान गरिने अनुदान वा सहयोग प्राप्त गर्न अयोग्य ठहरिएका व्यक्ति।
छ. नेपाल विद्युत प्राधिकरणको प्रचलित कानून बमोजिम तीन महिना भन्दा बढी अवधि सम्म विद्युत महसुल नतिरी बक्यौता बाँकी रहेका उपभोक्ता।
ज. गाउँपालिकाको बक्यौता वा प्रचलित कानून बमोजिम असुल उपर गर्नुपर्ने रकम तिर्न बाँकी रहेका उपभोक्ता।

८. लाभग्राही हुन निवेदन दिनुपर्ने

१. यस ऐनबमोजिम निःशुल्क विद्युत सुविधा प्राप्त गर्न चाहने योग्य घरधुरीले अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

२. निवेदनका साथ देहाय बमोजिमका कागजात अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
ख. स्थायी वसोवास खुल्ने प्रमाणपत्र।
ग. नेपाल विद्युत प्राधिकरणको विद्युत मिटर नम्बर।
घ. नेपाल विद्युत प्राधिकरण ग्राहक नं. र ग्राहक आईडी (ID)।
ङ. पछिल्लो विद्युत महशुल तिरेको बील।

९. निवेदन दर्ता तथा सिफारिस

१. वडा कार्यालयले प्राप्त निवेदन दर्ता गरी आवश्यक कागजातको प्रारम्भिक परीक्षण गर्नेछ।
२. अपूर्ण कागजात भएमा सात दिनभित्र पूरा गर्न सम्बन्धित निवेदकलाई सूचना दिनुपर्नेछ।
३. कागजात पूरा भएपछि वडा कार्यालयले आवश्यक भएमा स्थलगत परीक्षण समेत गरी गाउँपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ।

अर्जुन गुरुङ
अध्यक्ष

१०. लाभग्राही छनोट समिति

१. लाभग्राही छनोटका लागि गाउँपालिकामा देहायबमोजिमको एक समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ग. प्राविधिक शाखा प्रमुख - सदस्य

घ. योजना शाखा प्रमुख - सदस्य

ङ. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

आवश्यक परेमा समितिको बैठकमा नेपाल विद्युत् प्राधिकरणको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ।

२. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क. वडाबाट प्राप्त सिफारिस तथा निवेदनको परीक्षण गर्ने।

ख. आवश्यक परेमा स्थलगत निरीक्षण गर्ने।

ग. योग्य लाभग्राहीको नाम स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने।

घ. स्वीकृत लाभग्राहीको नाम, ठेगाना, ग्राहक नं., मीटर नं., सुविधा सुरु हुने मिति लगायत विवरणको अभिलेख राख्ने र अभिलेख अद्यावधिक गर्ने।

ङ. अनियमितता देखिएमा कारण सहित सुविधा रोक्नको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने।

३. समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्नेछ।

११. लाभग्राही स्वीकृति

१. लाभग्राही छनोट समितिको सिफारिसमा गाउँ कार्यपालिकाले लाभग्राही स्वीकृत गर्नेछ।

२. स्वीकृत लाभग्राहीहरुलाई गाउँपालिकाले अनुसूची ३ बमोजिमको ढाँचामा "लाभग्राही स्वीकृति पत्र" प्रदान गर्नेछ।

३. स्वीकृत लाभग्राहीको नामावली सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको सूचना पाटी वा वेबसाइट मार्फत प्रकाशन गरिनेछ।

१२. लाभग्राहीको दायित्व

लाभग्राहीको दायित्व देहाय बमोजिम हुनेछः

क. माग बमोजिम सत्य र सही विवरण उपलब्ध गराउनुपर्ने।

ख. विद्युतको सुरक्षित तथा मितव्ययी प्रयोग गर्नुपर्ने।

ग. विद्युत चोरी वा दुरुपयोग गर्न नहुने।

घ. बसाईसराई भएमा वा मिटरको स्वामित्व परिवर्तन भएमा १५ दिन भित्र गाउँपालिकालाई जानकारी गराउनुपर्ने।

ङ. अनुगमन, निरीक्षणमा आवश्यक सहयोग गर्नुपर्ने।

१३. सुविधा खारेज

कार्यपालिकाले दफा २४ बमोजिमको अनुगमन समितिको सिफारिसमा देहायका अवस्थामा लाभग्राहीको विद्युत सुविधा खारेज गर्न सक्नेछः

क. झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा।

ख. किर्ते कागजात पेश गरेमा।

ग. विद्युत चोरी गरेको प्रमाणित भएमा।

घ. एउटै परिवारबाट एकभन्दा बढी मिटरमा सुविधा लिएमा (एकल परिवारको हकमा)।

ङ. यस ऐन बमोजिम प्राप्त सुविधाको दुरुपयोग गरेको प्रमाणित भएमा।

च. लाभग्राहीको योग्यता समाप्त भएमा।

छ. प्रचलित कानूनले जघन्य अपराध मानेको काम गरेको प्रमाणित भएमा।

ज. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा।

झ. प्रचलित कानुनको उल्लङ्घन गरेमा।

१४. अभिलेख व्यवस्थापन

१. गाउँपालिकाले लाभग्राही, विद्युत खपत, भुक्तानी तथा अनुगमनसम्बन्धी सम्पूर्ण विवरण विद्युतीय तथा भौतिक रुपमा सुरक्षित राख्नेछ।

२. अभिलेखमा नाम, ठेगाना, वडा, ग्राहक नं., मीटर नं., परिवार सङ्ख्या, मोबाइल नं. तथा सुविधा प्राप्तिको अवधि समावेश हुनेछ।

३. प्रत्येक आर्थिक वर्ष तथा आवश्यकता अनुसार लाभग्राहीहरुको सूची अद्यावधिक गरिनेछ।

## परिच्छेद ३

## नेपाल विद्युत प्राधिकरणसँग समन्वय र भुक्तानी प्रक्रिया

१५. नेपाल विद्युत् प्राधिकरणसँग समन्वय

१. गाउँपालिकाले निःशुल्क विद्युत सुविधा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेपाल विद्युत् प्राधिकरणसँग आवश्यक समन्वय, सहकार्य तथा सूचना आदानप्रदान गर्नेछ।

२. आवश्यकता अनुसार गाउँपालिका र नेपाल विद्युत प्राधिकरणबीच समझदारीपत्र (MoU) वा कार्य सम्झौता गर्न सकिनेछ। समझदारी पत्र वा कार्य सम्झौता अनुसूची ९ बमोजिम हुनेछ।

३. आवश्यक विवरण आदानप्रदान, बिल प्रमाणीकरण तथा भुक्तानी सम्बन्धी सम्पूर्ण कार्य सम्झौता बमोजिम हुनेछ।

१६. विद्युत महसुल भुक्तानी प्रक्रिया

१. नेपाल विद्युत प्राधिकरणले प्रत्येक महिनाको लाभग्राहीको विद्युत उपभोग तथा खपतको विवरण गाउँपालिकालाई उपलब्ध गराउनेछ।

२. गाउँपालिकाले प्राप्त विवरणको परीक्षण तथा प्रमाणीकरण गरी बिलका आधारमा प्रत्येक महिनाको सुविधा वापतको रकम प्राधिकरणलाई भुक्तानी गर्नेछ।

३. नेपाल विद्युत प्राधिकरणको बिलिङ प्रणाली तथा प्रक्रिया बमोजिम आवश्यक परेमा गाउँपालिकाले विद्युत महसुल बापतको एकमुष्ठ रकम मासिक वा त्रैमासिक रुपमा पेश्की स्वरुप अग्रीम भुक्तानी गर्न सक्नेछ। विद्युत प्राधिकरणले सोही एकमुष्ठ रकमबाट विद्युत खपत वापतको रकम क्रमिक रुपमा घटाई आ.व. समाप्त हुनुभन्दा अगाडी अवश्यक बील कागजात सहित हिसाब मिलान गर्नु पर्नेछ।

४. भुक्तानी बैंक मार्फत, विद्युतीय भुक्तानी प्रणाली (Electronic Payment) वा प्रचलित वित्तीय प्रणाली मार्फत गरिनेछ।

५. बिलमा प्रचलित कर, शुल्क, वा अन्य अवयव छुट्टै भएमा गाउँपालिकाले कुन अवयव समेट्ने भन्ने कुरा गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानून अनुसार निर्धारण हुनेछ।

६. गाउँपालिकाले आवश्यक परेमा बिलको नमुना परीक्षण (स्याम्पल भेरिफिकेसन) गर्न सक्नेछ।

## परिच्छेद ४

## कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

१७. कोषको स्थापना

१. यस ऐनको कार्यान्वयनका लागि "मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा कोष" नामक एक कोषको स्थापना गरिनेछ।

२. उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछः

क. गाउँ सभाबाट वार्षिक रुपमा विनियोजित बजेट।

ख. उर्जा क्षेत्र सम्बन्धी परियोजनाहरुबाट प्राप्त वैधानिक रकम।

ग. नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान।

घ. विकास साझेदार वा दातृ निकायबाट कानून बमोजिम प्राप्त सहयोग।

ङ. कानून बमोजिम प्राप्त अन्य रकम।

१८. कोषको प्रयोग

१. कोषमा जम्मा भएको रकम यस ऐन बमोजिमको निःशुल्क विद्युत सुविधा कार्यक्रम अन्तर्गत मासिक रुपमा खपत भएको विद्युत महसुल वापतको रकम नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्न प्रयोग हुनेछ।

२. कोषको रकम प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून तथा गाउँपालिकाको वित्तीय नियमावली बमोजिम खर्च गरिनेछ।

१९.खाता सञ्चालन

१. कोषमा जम्मा भएको रकम नेपाल सरकारबाट मन्यताप्राप्त "क" वर्गको वाणिज्य बैंकमा "मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा कोष" नामको बचत खाता खोली राखिनेछ।

२. कोषसँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबार प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट बैंक खाता मार्फत हुनेछ।

२०. जुनसुकै शीर्षकबाट भुक्तानी हुने

निःशुल्क विद्युत सुविधा कार्यक्रम अन्तर्गत विद्युत महसुल वापतको रकम भुक्तानी गर्न कोषमा रकमको अभाव वा कमी भएमा अन्य जुनसुकै शीर्षकबाट मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा कोषमा बजेट रकमान्तर गरी भुक्तानी गर्न सकिनेछ।

२१. कोषको रकम प्रयोग गर्न नपाईने

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको प्रयोजनको लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

क. नियमित प्रशासनिक कार्यका लागि,

ख. कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

ग. कुनै पनि प्रकारको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

घ. गोष्ठी, अन्तर्क्रिया वा सभा सम्मेलन सञ्चालन गर्न,

ङ. कुनैपनि पूर्वाधार निर्माणका काम गर्न, गराउन,

च. दफा (३), (५) र (१८) को प्रतिकूल हुने गरी अन्य कुनै प्रकारको शीर्षकमा खर्च गर्न।

२२. लेखा तथा लेखापरीक्षण

१. निःशुल्क विद्युत सुविधा सम्बन्धी सम्पूर्ण आर्थिक कारोवारको प्रचलित कानून बमोजिम छुट्टै लेखा राखिनेछ।



अर्जुन गुरुङ
अध्यक्ष

२. कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको अन्तरिक लेखापरीक्षकले गर्नेछ। आन्तरिक लेखापरीक्षकको व्यवस्था नहुँदा सम्म सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण हुनेछ।

३. कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट प्रचलित कानून बमोजिम हुनेछ।

४. लेखापरीक्षण प्रतिवेदन गाउँ कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्नु पर्नेछ।

५. लेखापरीक्षणबाट औल्याईएका सुझाव, बेरुजु वा असुल उपर गर्नुपर्ने रकम प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र असुल, फछ्र्यौट गरिनेछ।

२३. रकम फ्रिज नहुने

जुनसुकै स्रोतबाट विद्युत सुविधा कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक बर्षमा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोष मै रहनेछ।

## परिच्छेद ५

## अनुगमन तथा मूल्याङ्कन

२४. अनुगमन समिति

१. यस ऐनको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्न कार्यपालिकाले देहाय बमोजिम एक निःशुल्क विद्युत सुविधा अनुगमन समिति गठन गर्न सक्नेछ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग. सामाजिक विकास समिति संयोजक | - सदस्य |
| घ. आर्थिक विकास समिति संयोजक | - सदस्य |
| ङ. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| च. प्रशासन शाखा प्रमुख | - सदस्य |
| छ. प्राविधिक शाखा प्रमुख | - सदस्य |
| ज. नेपाल विद्युत प्रधिकरणको प्रतिनिधि | - सदस्य |
| झ. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

२. समितिले आवश्यकता अनुसार विषयविज्ञ वा अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. लाभग्राहीको योग्यता जाँच गर्ने।

ख. विद्युत खपत र बिलको नमूना परीक्षण गर्ने।

ग. विद्युत महसुलको परीक्षण तथा प्रमाणीकरण गर्ने।

घ. दोहोरो लाभ र दुरुपयोग नियन्त्रण गर्ने।

ङ. गुनासो सुनुवाई गर्ने।

च. वार्षिक प्रभाव मूल्याङ्कन गर्ने।

छ. कार्यपालिका समक्ष आवश्यक सुधारका लागि सिफारिस गर्ने।

२५. निरीक्षण गर्ने अधिकार

१. गाउँपालिकाले खटाएको कर्मचारी वा समितिले लाभग्राहीको विवरण तथा विद्युत उपयोगको अवस्थाको निरीक्षण गर्न सक्नेछ।

२. निरीक्षणका क्रममा सम्बन्धित लाभग्राहीले आवश्यक सहयोग गर्नुपर्नेछ।

२६. मूल्याङ्कन

कार्यपालिकाले देहायका विषयमा आधारित रही यस कार्यक्रमको वार्षिक मूल्याङ्कन गर्नुपर्नेछः

क. लाभग्राहीको वास्तविक अवस्था,

ख. विद्युत उपयोगको अवस्था,

ग. सेवा वितरणको प्रभावकारिता,

घ. कार्यक्रमको प्रभावकारिता,

ङ. सेवा पहुँचको अवस्था,

च. वित्तीय अवस्था,

छ. नागरिक सन्तुष्टि,

ज. कार्यक्रमको सामाजिक तथा आर्थिक प्रभाव।

## परिच्छेद ६

## कसुर, सजाय तथा पुनरावेदन

२७. कसुर

यस ऐन अन्तर्गत देहाय बमोजिमका कार्य कसुर मानिनेछनः

क. झुट्टा विवरण पेश गरी सुविधा लिनु।

ख. किर्ते कागजात पेश गर्नु।

ग. एउटा परिवारबाट दोहोरो पर्ने गरी एकभन्दा बढी सुविधा लिनु।

घ. विना अनुमति अन्य व्यक्तिलाई आफ्नो सुविधा हस्तान्तरण गर्नु।

ङ. विद्युत चोरी वा हुकिङ गर्नु।

च. यस ऐन बमोजिम प्राप्त सुविधाको दुरुपयोग गर्नु।

छ. अन्य कुनै प्रकारले गैर कानूनी लाभ लिनु।

२८. सजाय

१. कुनै लाभग्राहीले दफा २७ बमोजिमको कसुर गरेको प्रमाणित भएमा गाउँपालिकाले देहायका बमोजिमका कारबाही गर्न सक्नेछः

क. सुविधा तत्काल खारेज गर्ने।

ख. गाउँपालिकाबाट प्राप्त सम्पूर्ण सुविधा असुल उपर गर्ने।

ग. आवश्यक परेमा त्यस्तो व्यक्ति भविष्यमा यस ऐन अन्तर्गतको सुविधा पाउन अयोग्य हुने गरी कालो सूचीमा राख्ने।

घ. कसुरको गम्भीर्यता हेरी प्रचलित कानुनबमोजिम थप कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

२. सरकारी कर्मचारी वा पदाधिकारीको लापरबाहीबाट क्षति पुगेमा प्रचलित कानून बमोजिम विभागीय कारबाही गरिनेछ।

२९. पुनरावेदन

१. यस ऐन अन्तर्गतको निर्णयबाट चित्त नबुझेमा सम्बन्धित व्यक्तिले निर्णय भएको मितिले ३५ दिनभित्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष पुनरावलोकनको माग सहित लिखित वा विद्युतीय माधयमबाट निवेदन दिन सक्नेछ।

२. प्रमुख प्रशासकीय अधिकृतले आवश्यक अध्ययन गरी निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र आवश्यक कागजात सहित निर्णय पुनरावलोकनका लागि गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

३. गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम प्रशासकीय निर्णय हुनेछ।

४. प्रचलित कानून बमोजिम न्यायिक/अर्धन्यायिक निकाय वा अदालतमा जाने हक यस दफाले सीमित गरेको मानिने छैन।

## परिच्छेद ७

## विविध

३०. पारदर्शीता र उत्तरदायित्व

१. स्वीकृत लाभग्राहीको सूची वडा तथा गाउँपालिकाको सूचना पाटी वा वेबसाईट मार्फत प्रकाशन गरिनेछ।

२. व्यक्तिगत गोपनीयता सम्बन्धी विवरण सार्वजनिक गरिने छैन।

३. गाउँपालिकाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक आय व्ययको विवरण समेत खुल्ने गरी निःशुल्क विद्युत सुविधा कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन तयार गर्नेछ।

४. वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गरी गाउँ सभामा समेत प्रस्तुत गर्नु पर्नेछ।

३१. उजुरी, गुनासो

१. यस ऐन बमोजिमको विद्युत सुविधा कार्यक्रम अन्तर्गत कुनै लाभग्राही वा सरोकारवालाले लिखित वा विद्युतीय माध्यमबाट गाउँपालिकामा उजुरी, गुनासो दिन सक्नेछ।

२. प्राप्त उजुरी, गुनासो उपर गाउँपालिकाले आवश्यक छानबिन गरी ३० दिनभित्र निर्णय गर्नेछ।

३. निर्णय सम्बन्धित पक्षलाई लिखित रुपमा जानकारी गराईनेछ।

## ३२. नियम, कार्यविधि तथा निर्देशिका बनाउने अधिकार

यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, फाराम, प्रक्रिया तथा नमूना कागजात बनाउन सक्नेछ।

## ३३. अधिकार प्रत्यायोजन

यस ऐन अन्तर्गत गाउँ कार्यपालिकालाई प्राप्त अधिकार मध्ये केही अधिकार कार्यपालिकाले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा, वडा कार्यालय वा यस ऐन बमोजिम गठित समितिलाई तोकिएको सीमा र शर्त अनुसार प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

## ३४. संघीय तथा प्रादेशिक कानूनसँग सामञ्जस्य

१. यस ऐनको कार्यान्वयन गर्दा प्रचलित संघीय, प्रादेशिक कानून, विद्युत सेवा प्रदायकको कानूनी, प्रशासनिक तथा प्राविधिक व्यवस्था, सार्वजनिक वित्तीय अनुशासन र गाउँपालिकाबाट जारी अन्य प्रचलित मापदण्डको पालना गर्नु पर्नेछ।

२. आवश्यकता अनुसार गाउँपालिकाले सम्बन्धित संघीय, प्रादेशिक निकायसँग समन्वय गरी यस ऐनको कार्यान्वयन गर्नेछ।

३. यस ऐनको कुनै व्यवस्था प्रचलित संघीय, प्रादेशिक कानूनसँग बाझिएमा, बाझिएको हदसम्म उक्त व्यवस्था लागू हुने छैन।

## ३५. वार्षिक समीक्षा

१. गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि यस कार्यक्रमको समीक्षा गर्नेछ।

२. समीक्षामा लाभाग्राही संख्या, खर्च, कार्यक्रमको प्रभाव, उपयोग, दुरुपयोग, विद्युत खपतको प्रवृत्ति तथा आर्थिक, सामाजिक लाभको मूल्याङ्कन गरिनेछ।

३. समीक्षाको आधारमा गाउँ सभाबाट निर्णय गरी कार्यक्रम विस्तार, संशोधन वा संकुचन गर्न सकिनेछ।

## ३६. संरक्षक

मर्स्याङ्दी गाउँकार्यपालिका यस ऐन बमोजिमको कोषको संरक्षक हुनेछ। कोषको संरक्षणका लागि ऐनको प्रतिकुल नहुने गरी आवश्यक कार्य गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ।

## ३७. बाधा अड्काउ फुकाउने अधिकार

यस ऐनको कार्यान्वयनका क्रममा कुनै व्यावहारिक बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले प्रचलित कानुनको अधीनमा रही आवश्यक निर्णय गर्न सक्नेछ। त्यस्तो निर्णय आगामी गाउँ सभा बाट अनुमोदन गराउनु पर्नेछ।

३८. संशोधन, खारेजी र बचाऊ

१. यस ऐनमा कुनै संशोधन गर्नु परेमा प्रचलित कानूनको अधीनमा रही गाउँ सभाले संशोधन गर्न सक्नेछ।

२. यस ऐनसँग बाझिने गरी गाउँपालिकाले गरेका अघिल्ला निर्णय तथा जारी गरेका निर्देशिका, कार्यविधि वा परिपत्रहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछन।

३. त्यस्ता निर्णय, निर्देशिका, कार्यविधि वा परिपत्र अन्तर्गत वैधानिक रूपमा सम्पन्न कामकारबाहीलाई भने यस ऐनले असर गर्ने छैन।

४. यो ऐन लागू हुनुअघि प्रचलित कानुनबमोजिम भए गरेका सबै कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछन्।

५. यस ऐनले अन्य प्रचलित कानून अन्तर्गत पर्ने अधिकार, दायित्व र कारबाहीलाई असर गर्ने छैन।

अर्जुन गुरुङ
अध्यक्ष

## अनुसूची १

(दफा ८ सँग सम्बन्धित)

## निःशुल्क विद्युत सुविधा आवेदन फाराम

श्री वडा अध्यक्ष ज्यू,

वडा नं. ....... को कार्यालय।

मर्स्याङ्दी गाउँपालिका, लमजुङ।

विषयः निःशुल्क विद्युत सुविधा उपलब्ध गराईदिने सम्बन्धमा।

प्रस्तुत विषयमा म/हामी यस गाउँपालिकाको स्थायी वासिन्दा भएकोले "मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" बमोजिम निःशुल्क विद्युत सुविधा उपलब्ध गराईदिनुहुन देहाय बमोजिमका आवश्यक कागजात/विवरण सहित विनम्र अनुरोध गर्दछु।

<u>देहायः</u>

१. निवेदकको नामः
२. ठेगानाः
३. वडा नं.:
४. नागरिकता नं.:
५. सम्पर्क नं.:
६. नेपाल विद्युत प्राधिकरण ग्राहक नं.:
७. विद्युत ग्राहक आईडी (ID):
८. मिटर नं.:
९. परिवारको प्रकारः एकल/संयुक्त

१०. परिवार सदस्य संख्याः

स्वघोषणाः
"मैले पेश गरेको विवरण सत्य र सही छ। झुट्टा ठहरे प्राप्त सुविधा फिर्ता गर्न तथा प्रचलित कानून बमोजिम कारबाही भोग्न तयार छु।"

निवेदकको हस्ताक्षरः
मितिः



SCAN AnyScanner

## अनुसूची २

## (दफा ९ सँग सम्बन्धित)

## वडा कार्यालयको सिफारिस

श्री मर्स्याङ्दी गाउँपालिका, मितिः ............

गाउँकार्यपालिकाको कार्यालय, लमजुङ।

विषयः सिफारिस गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा श्रीमान/श्रीमती ................ मर्स्याङ्दी गाउँपालिका, वडा नं. ...... को स्थायी वासिन्दा हुनुहुन्छ। आवश्यक छानविन गर्दा निजलाई "मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" बमोजिम ५० युनिट सम्म निःशुल्क विद्युत सुविधा उपलब्ध गराउन उपयुक्त देखिएको हुँदा उक्त सुविधा उपलब्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध छ।

हस्ताक्षरः......

नामः ..........

वडा अध्यक्ष

## अनुसूची ३

(दफा ११ सँग सम्बन्धित)

### लाभग्राही स्वीकृति पत्र

मर्स्याङ्दी गाउँपालिका, वडा नं. ...... निवासी श्री ............... लाई मर्स्याङ्दी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति ............ को बैठकबाट "मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" बमोजिम ५० युनिट सम्म निःशुल्क विद्युत सुविधा उपलब्ध गराउने निर्णय गरिएको हुँदा उक्त सुविधा उपलब्ध गराउने प्रयोजनको लागि यो स्वीकृति पत्र प्रदान गरिएको छ।

हस्ताक्षर......

नामः ............

प्रमुख प्रशासकीय अधिकृत

मर्स्याङ्दी गाउँपालिका

## अनुसूची ४

(दफा ११ र १४ सँग सम्बन्धित)

"मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" बमोजिम निःशुल्क विद्युत सुविधा कार्यक्रम अन्तर्गत ५० युनिट सम्म निःशुल्क विद्युत सुविधा प्राप्त गर्ने लाभग्राहीको सूचीमा समावेश गर्नुपर्ने न्यूनतम विवरणः

१. नामः

२. ठेगानाः

३. ग्राहक नं.

४. ग्राहक आईडी

५. मीटर नं.

६. परिवारको प्रकारः एकल/संयुक्त

७. परिवार सदस्य संख्याः

८. मोबाईल नम्बरः

९. लाभ प्रारम्भ मितिः

१०. लाभ समाप्त/नवीकरण मितिः

११. स्थितिः स्वीकृत/खारेज

अर्जुन गुरुङ
अध्यक्ष

अनुसूची ५

## नेपाल विद्युत प्राधिकरणलाई गरिएको भुक्तानी विवरण

(दफा १६ सँग सम्बन्धित)

"मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" बमोजिम मर्स्याङ्दी गाउँपालिका भित्रका योग्य लाभग्राहीहरुलाई निःशुल्क विद्युत सुविधा उपलब्ध गराए वापत नेपाल विद्युत प्राधिकरणलाई गरिएको मासिक/त्रैमासिक भुक्तानीको विवरण देहाय बमोजिम रहेको छ।

१. आर्थिक वर्ष:
२. त्रैमास:
३. महिना:
४. लाभग्राही संख्या:
५. कुल खपत युनिट:
६. गाउँपालिकाले व्यहोरेको कुल रकम:
७. भुक्तानी आदेश नं.
८. बैंक विवरण:
९. भुक्तानी मिति:

तयार गर्ने: .........
आर्थिक प्रशासन शाखा प्रमुख
मर्स्याङ्दी गाउँपालिका।

प्रमाणित गर्ने: ..........
प्रमुख प्रशासकीय अधिकृत
मर्स्याङ्दी गाउँपालिका।

अनुसूची ६

गुनासो दर्ता फारम

श्री मर्स्याङ्दी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, लमजुङ।

विषयः गुनासो सम्बन्धमा।

प्रस्तुत विषयमा "मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" बमोजिमको निःशुल्क विद्युत सुविधा कार्यक्रमका सम्बन्धमा देहाय बमोजिमको गुनासो रहेको हुँदा गुनासो दर्ता गरी प्रचलित कानुन बमोजिम सुनुवाई गरिदिनुहुन आवश्यक विवरण सहित हार्दिक अनुरोध गर्दछु।

गुनासोको विषयः

गुनासोको संक्षिप्त व्यहोराः

प्रमाणः

गुनासोकर्ताको नामः

ठेगानाः

सम्पर्क नं.

मितिः

हस्ताक्षरः

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुजुङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

## अनुसूची ७

### अनुगमन तथा निरीक्षण प्रतिवेदन

"मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" बमोजिम निःशुल्क विद्युत सुविधा कार्यक्रम अन्तर्गत यस गाउँपालिकाबाट उपलब्ध गराईएको निःशुल्क विद्युत सुविधा सम्बन्धमा गरिएको अनुगमन तथा निरीक्षण प्रतिवेदन।

१. अनुगमन मितिः
२. अनुगमन टोलीः
३. लाभग्राहीको विवरणः
४. लाभग्राहीको योग्यताः
५. विद्युत खपत र महसुलको परीक्षणः
६. विद्युत प्रयोगको अवस्थाः
७. मिटर परीक्षणः
८. अनियमितता भए/नभएकोः
९. सुझावः
१०. निष्कर्षः

## अनुसुची ८

## वार्षिक प्रगति प्रतिवेदन

## (दफा ३० सँग सम्बन्धित)

"मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" को कार्यान्वयन तथा निःशुल्क विद्युत सुविधा कार्यक्रम अन्तर्गत यस गाउँपालिकाबाट उपलब्ध गराईएको निःशुल्क विद्युत सुविधा सम्बन्धमा भए गरेका काम कारबाहीको वार्षिक प्रगति प्रतिवेदन।

१. आर्थिक वर्ष:

२. जम्मा लाभग्राही संख्या:

३. कुल विद्युत खपत:

४. गाउँपालिकाले व्यहोरेको कुल रकम:

५. गाउँपालिकाबाट गरिएको अनुगमन, निरीक्षण:

६. गाउँपालिकामा प्राप्त उजुरी/गुनासो:

७. गाउँपालिकाबाट फर्छ्यौट/सुनुवाई गरिएका उजुरी/गुनासो:

८. कार्यक्रमबाट प्राप्त उपलब्धीहरु:

९. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या:

१०.समस्या समाधानका उपाय:

११.आगामी वर्षमा सुधार गर्नपर्ने विषय:

१२.निष्कर्ष:

| | |
|---|---|
| तयार गर्ने: | स्वीकृत गर्ने: |
| प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका अध्यक्ष |
| मर्स्याङ्दी गाउँपालिका। | मर्स्याङ्दी गाउँपालिका। |

## अनुसूची ९

### मर्स्याङ्दी गाउँपालिका र नेपाल विद्युत प्राधिकरण बीच
### ५० युनिट सम्म निःशुल्क विद्युत सुविधा कार्यक्रम कार्यान्वयन सम्बन्धी
### समझदारीपत्र (Memorandum of Understanding - MoU)
(दफा १५ र १६ सँग सम्बन्धित)

मर्स्याङ्दी गाउँपालिकाको उज्यालो मर्स्याङ्दी कार्यक्रम अन्तर्गत ५० युनिट सम्म निःशुल्क विद्युत सुविधा कार्यक्रम कार्यान्वयनको लागि मिति .................................. मा देहायका पक्षहरूबीच यो समझदारीपत्र/कार्यसम्झौता (Memorandum of Understanding-MoU) सम्पन्न गरियो।

**प्रथम पक्षः**
मर्स्याङ्दी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भुलभुले, लमजुङ, यसपछि "गाउँपालिका" भनिने।

**दोस्रो पक्षः**
नेपाल विद्युत प्राधिकरण, लमजुङ वितरण केन्द्र, यसपछि "प्राधिकरण" भनिने।

गाउँपालिका र प्राधिकरणलाई सामूहिक रूपमा "पक्षहरू" भनिनेछ।

प्रस्तावना

मर्स्याङ्दी गाउँपालिकाले "मर्स्याङ्दी गाउँपालिका निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३" जारी गरी गाउँपालिकाभित्रका ऐन बमोजिम योग्य विद्युत उपभोक्तालाई मासिक ५० युनिटसम्म निःशुल्क विद्युत सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ। नेपाल विद्युत प्राधिकरण विद्युत सेवा प्रदान गर्ने आधिकारिक संस्था भएकोले उक्त ऐनको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा समन्वय, लाभग्राहीको पहिचान, सूचना आदानप्रदान, विद्युत महसुल व्यवस्थापन तथा भुक्तानी प्रक्रियालाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउन दुवै पक्षको सहमतिमा यो सम्झौता गरिएको हो।

१. उद्देश्य

यस सम्झौताको उद्देश्य देहायबमोजिम हुनेछः

१. ऐन बमोजिम योग्य लाभग्राहीलाई ५० युनिटसम्म निःशुल्क विद्युत सुविधा उपलब्ध गराउने।
२. गाउँपालिका र प्राधिकरणबीच आवश्यक सूचना, तथ्याङ्क तथा प्रशासनिक समन्वय गर्ने।
३. विद्युत महसुलको भुक्तानी, अभिलेखीकरण तथा अनुगमनलाई व्यवस्थित गर्ने।
४. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता कायम गर्ने।
५. विद्युत चोरी तथा दुरुपयोग नियन्त्रण गर्ने।

२. सम्झौताको कार्यक्षेत्र

यो सम्झौता मर्स्याङ्दी गाउँपालिकाभित्र रहेका "नेपाल विद्युत प्राधिकरण विद्युत महसुल संकलन विनियमावली, २०७८" को दफा ३ को उपदफा १ बमोजिम "ग्राहस्थवर्ग" वर्गीकरणमा पर्ने विद्युत उपभोक्तामा मात्र लागू हुनेछ।

३. गाउँपालिकाको दायित्व

गाउँपालिकाले:

१. लाभग्राही छनौट गरी प्रमाणित सूची प्राधिकरणलाई उपलब्ध गराउने।
२. सूची नियमित अद्यावधिक गर्ने।
३. आवश्यक बजेट विनियोजन गर्ने।
४. प्राधिकरणबाट प्राप्त मासिक बिल बमोजिम तोकिएको अवधिभित्र विद्युत महसुल वापतको रकम मासिक/त्रैमासिक रुपमा प्राधिकरणलाई भुक्तानी गर्ने।
५. आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्ने।
६. उजुरी व्यवस्थापन गर्नेछ।

४. प्राधिकरणको दायित्व

प्राधिकरणले:

१. गाउँपालिकाबाट प्राप्त सूचीका आधारमा विद्युत सुविधा लागू गर्ने।
२. लाभग्राहीको मासिक विद्युत उपभोगको विवरण गाउँपालिकालाई उपलब्ध गराउने।
३. प्रत्येक लाभग्राहीको ग्राहक नम्बर, मिटर नम्बर तथा बिल विवरण उपलब्ध गराउने।
४. निःशुल्क विद्युत सुविधा लागू भएको विवरण बिलमा स्पष्ट उल्लेख गर्ने।
५. मासिक बिल तथा भुक्तानी विवरण पठाउने।
६. प्राप्त भुक्तानीको आधिकारिक रसिद गाउँपालिकालाई उपलब्ध गराउने।
७. बिलिङ प्रणालीमा आवश्यक प्राविधिक व्यवस्था मिलाउने।
८. विद्युत चोरी, दुरुपयोग वा अनियमितता देखिएमा गाउँपालिकालाई तत्काल जानकारी गराउने।

५. निःशुल्क विद्युत सुविधा लागू हुने आधार

१. मासिक ५० युनिटसम्म खपत भएको विद्युतको महसुल गाउँपालिकाले व्यहोर्नेछ।
२. ५० युनिटभन्दा बढी उपभोग भएको अवस्थामा बढी खपत भएको विद्युतको महसुल सम्बन्धित उपभोक्ताले आफैं भुक्तानी गर्नुपर्नेछ।

३. विद्युत महसुलमा लागू हुने नेपाल सरकार, विद्युत नियामक आयोग वा नेपाल विद्युत प्राधिकरणका प्रचलित कर, शुल्क तथा अन्य दायित्वहरू सम्बन्धित कानुनी व्यवस्था अनुसार लागू हुनेछन्।

६. विद्युत महसुल भुक्तानी प्रक्रिया

१. प्रत्येक महिनाको बिलिङ सम्पन्न भएपछि प्राधिकरणले ७ दिन भित्र लाभग्राहीहरूको विवरण सहित गाउँपालिकालाई बिल उपलब्ध गराउनेछ।

२. गाउँपालिकाले प्राप्त विवरण प्रमाणीकरण गरी १५ कार्यदिन भित्र आवश्यक रकम प्राधिकरणलाई भुक्तानी गर्नेछ।

३. नेपाल विद्युत प्राधिकरणको बिलिङ प्रणाली तथा प्रक्रिया बमोजिम आवश्यक परेमा गाउँपालिकाले विद्युत महसुल बापतको एकमुष्ठ रकम मासिक वा त्रैमासिक रुपमा पेश्की स्वरुप अग्रीम भुक्तानी गर्न सक्नेछ। विद्युत प्राधिकरणले सोही एकमुष्ठ रकमबाट विद्युत खपत वापतको रकम क्रमिक रुपमा घटाई आ.व. समाप्त हुनुभन्दा अगाडी अवश्यक बील कागजात सहित हिसाब मिलान गर्नु पर्नेछ।

४. भुक्तानी बैंक ट्रान्सफर वा विद्युतीय भुक्तानी प्रणालीमार्फत गरिनेछ। आवश्यकता र अवस्था अनुसार चेक मार्फत समेत भुक्तानी गर्न सकिनेछ।

७. सूचना र तथ्याङ्कको आदानप्रदान

दुवै पक्षले आवश्यक तथ्याङ्क, लाभग्राही सूची, विद्युत खपत विवरण तथा आवश्यक अभिलेख आपसी समन्वयमा सुरक्षित रुपमा आदानप्रदान गर्नेछन।

१८. गोपनीयता

दुवै पक्षले लाभग्राहीका व्यक्तिगत विवरण प्रचलित कानून बमोजिम गोप्य राख्नेछन र आधिकारिक प्रयोजन बाहेक प्रयोग गर्ने छैनन।

९. संयुक्त समन्वय समिति

१. सम्झौताको कार्यान्वयनका लागि देयाह बमोजिमको संयुक्त समन्वय समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| क. | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख. | नेपाल विद्युत प्राधिकरण, वितरण केन्द्र प्रमुख | - सदस्य |
| ग. | गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| घ. | नेपाल विद्युत प्राधिकरणको लेखा शाखा प्रमुख | - सदस्य |
| ङ. | गाउँपालिकाको प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

२. समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको स्थान र समयमा बस्नेछ।

१०. अनुगमन तथा निरीक्षण

कार्यक्रमको दुवै पक्षले संयुक्त रुपमा अनुगमन गर्नेछन। आवश्यकता अनुसार संयुक्त निरीक्षण टोली गठन गर्न सकिनेछ।

११. विवाद समाधान

यस सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा आपसी छलफलबाट समाधान गरिनेछ। छलफलबाट समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम विवाद समाधान गरिनेछ।

१२. संशोधन

दुवै पक्षको लिखित सहमतिमा सम्झौतामा आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

१३. सम्झौताको अवधि

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू भई ५ वर्षसम्म कायम रहनेछ।
२. पक्षहरूको आपसी सहमतिमा सम्झौता नवीकरण गर्न सकिनेछ।
३. कुनै पक्षले सम्झौता समाप्त गर्न चाहेमा कम्तीमा ३० दिन अगाडी लिखित सूचना दिनु पर्नेछ।
४. सम्झौता अन्त्य भएमा बाँकी रहेको आर्थिक दायित्व सम्बन्धित जिम्मेवार पक्षले पूरा गर्नु पर्नेछ।

१४. प्रचलित कानून बमोजिम हुने

यस सम्झौतामा उल्लेख भएका विषयमा यसै सम्झौता बमोजिम र उल्लेख नभएका विषयमा "मर्स्याङ्दी गाउँपालिकाको निःशुल्क विद्युत सुविधा सम्बन्धी ऐन, २०८३", "स्थानीय सरकार सञ्चालन ऐन, २०७४", "नेपाल विद्युत प्राधिकरण ऐन, २०४१" तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

१५. हस्ताक्षर

यस सम्झौताका सबै प्रावधान पढी, बुझी र स्वीकार गरी दुवै पक्षले देहाय बमोजिम हस्ताक्षर गरेका छौं।

**प्रथम पक्ष**

**मर्स्याङ्दी गाउँपालिका,**

**भुलभुले, लमजुङ।**

नामः ....................

पदः प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षरः ................

मितिः ....................

कार्यालयको छापः ......

रोहवर

नाम. ....................

पदः आर्थिक प्रशासन शाखा प्रमुख

हस्ताक्षरः ..................

**दोस्रो पक्ष**

**नेपाल विद्युत प्राधिकरण,**

**लमजुङ वितरण केन्द्र।**

नामः ..........................

पदः कार्यालय प्रमुख/वितरण केन्द्र प्रमुख

हस्ताक्षरः ......................

मितिः ............................

कार्यालयको छापः ......

रोहवर

नाम. ..................

पदः लेखा शाखा प्रमुख

हस्ताक्षरः ..................

अर्जुन गुरुङ
अध्यक्ष